सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक २१ ♦ २०८३ साल कार्तिक ११ बुधवार ♦ 28 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# साउदीमा ड्रोन आक्रमणमा महोत्तरी पिपराका श्रमिकको मृत्यु, परिवार ऋण र शोकमा

अजयकुमार साह

**कार्तिक १० गते, बर्दिवास**

साउदी अरबमा कार्यरत महोत्तरीका एक नेपाली श्रमिकको ड्रोन आक्रमणमा मृत्यु भएपछि उनको परिवार शोकसँगै आर्थिक सङ्कटमा परेको छ । पिपरा गाउँपालिका-१ ढेकाहाका ४५ वर्षीय भरत महतोको कात्तिक ४ गते साउदी अरबको पूर्वी प्रान्तस्थित सैबाह तेल क्षेत्रमा भएको आक्रमणमा मृत्यु भएको हो ।





पिपरा गाउँपालिका-१ ढेकाहाका ४५ वर्षीय भरत महतो र शोकाकुल पविारजन । फोटो : खबर दर्पण

भरतको मृत्युको खबरपछि उहाँकी ४१ वर्षीया पत्नी इन्द्रिकादेवी महतोसहित परिवारका सदस्य विक्षिप्त बनेका छन् । सोमबार साँझ घरको आँगनमा छरछिमेकीको भीड लागेको थियो । आफन्तले इन्द्रिकालाई सम्हाल्ने प्रयास गरिरहेका थिए । परिवारको मुख्य आर्थिक आधार रहेका पतिको मृत्यु भएपछि चार छोराछोरीको पालनपोषण र घर निर्माणका लागि लिएको ऋण तिर्ने चिन्ताले उहाँलाई थप पीडा दिएको छ ।

भरत साउदी अरबको अब्दुल अहाब मन्सुर अल मौलेम सोन्स कम्पनीमा सरसफाइको काम गर्दै आउनुभएको थियो । साउदी अरामकोको परियोजनाअन्तर्गत काम भइरहेको क्षेत्रमा ड्रोन आक्रमण हुँदा भरतसहित पाकिस्तानी र भारतीय श्रमिकले ज्यान गुमाएको परिवारले जनाएको छ ।

इन्द्रिकाका अनुसार घटनाको केही घण्टापछि त्यहाँका सुपरभाइजरले फोन गरेर भरत आक्रमणमा परी घाइते भएको र अस्पताल भर्ना गरिएको जानकारी दिएका थिए । तर, सोही साँझ उहाँले पतिको मृत्युको खबर सुन्नुपर्‍यो ।

घटना हुनुभन्दा अघिल्लो रात मात्रै भरतले घरमा भिडियो कल गर्नुभएको थियो । उहाँले पत्नीलाई परिवार र छोराछोरीको ख्याल गर्न भन्नुभएको थियो । त्यही कुराकानी नै अन्तिम बन्यो ।

“हाम्रो त आशाको दियो नै निभ्यो । अब कसरी छोराछोरीको लालनपालन गर्ने ? भगवान् पनि कति निर्दयी भएको होला । छँदाखाँदाको सुख सबै उजाडियो,” इन्द्रिकाले दुःख व्यक्त गर्नुभयो ।

## ऋणको बोझ, अधुरो घर

वैदेशिक रोजगारीबाट प्राप्त हुने कमाइले परिवारको गुजारा चलाउँदै आउनुभएका भरतले केही समयअघि गाउँनजिकै एक कट्ठा घडेरी किन्नुभएको थियो । त्यही जग्गामा चारकोठे पक्की घर निर्माण भइरहेको थियो । परिवार नयाँ घरमा सरेर सुखी जीवन बिताउने सपना देखिरहेको थियो । तर, घर निर्माण पूरा नहुँदै भरतको मृत्यु भएपछि परिवारको सपना अधुरै बनेको छ ।

इन्द्रिकाका अनुसार घर निर्माणका लागि उहाँले निजी बैंकबाट ११ लाख रुपियाँ ऋण लिनुभएको थियो । भरतले मासिक २० हजार रुपियाँ पठाउने र त्यसबाट ऋणको किस्ता तिर्ने गरिएको थियो । “परिवारको भविष्यका लागि श्रीमान् विदेशमा रगतपसिना बगाउँदै हुनुहुन्थ्यो । हामी नयाँ घरमा सरेर खुसीको जीवन बिताउने सपना देख्दै थियौं । सबै उजाडियो । अब बैंकको ऋण कसरी तिर्ने ?” उहाँले भन्नुभयो ।

भरत २०६९ सालमा स्थानीय एजेन्टलाई एक लाख २० हजार रुपियाँ बुझाएर वैदेशिक रोजगारीका लागि साउदी अरब जानुभएको थियो । विदेश जाने खर्च जुटाउन उहाँले स्थानीय साहुसँग २४ प्रतिशत ब्याजदरमा ऋण लिनुभएको परिवारले जनाएको छ । त्यसयता निरन्तर साउदी अरबमा काम गर्दै आउनुभएका भरत २०७५ र २०७९ सालमा गरी दुई पटक मात्रै नेपाल फर्कनुभएको

*बाँकी पृष्ठ ३ मा*

# महोत्तरी प्रशासनद्वारा सतर्कता अपनाउन आग्रह, पाकेको धान काट्न अनुरोध

खबर दर्पण समाचारदाता

**कार्तिक ११ गते, बर्दिवास**

सम्भावित चक्रवात आँधी र भारी वर्षाका कारण जनजीवन तथा कृषि क्षेत्रमा असर पर्न सक्ने भन्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लावासीलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

नेपाल मौसम विज्ञान विभागले जारी गरेको विशेष मौसमी बुलेटिनअनुसार बंगालको खाडीमा विकसित न्यून चापीय क्षेत्र शक्तिशाली बन्दै चक्रवात आँधीमा परिणत हुन सक्ने र त्यसको प्रभावले नेपालको मौसमसमेत प्रभावित हुन सक्ने सम्भावना रहेको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले जारी गरेको सूचनाअनुसार कार्तिक ११ गते बुधबारदेखि कार्तिक १५ गते आइतबारसम्म मौसम प्रभावित हुन सक्ने अनुमान गरिएको छ ।

उक्त अवधिमा भारी वर्षा हुँदा नदी तथा खोलामा पानीको बहाव बढ्ने, बाढी, डुबान, पहिरो तथा गेग्रान बहावको जोखिम रहनुका साथै सडक र हवाई यातायातसमेत प्रभावित हुन सक्ने जनाइएको छ ।

सम्भावित वर्षाबाट धानबालीमा क्षति पुग्न सक्ने जोखिमलाई ध्यानमा राख्दै प्रशासनले किसानलाई कार्तिक १२ गते बिहीबारअघि नै खेतमा पाकेको धान काट्न र भित्र्याउन आग्रह गरेको छ ।

काटिसकेको धानलाई समेत पानीबाट जोगिने सुरक्षित स्थानमा राख्न अनुरोध गरिएको छ ।

त्यस्तै, खराब मौसमका कारण यात्रा प्रभावित हुन सक्ने भएकाले यात्रामा निस्कनुअघि आधिकारिक मौसम पूर्वानुमान तथा यातायातसम्बन्धी सूचना लिन प्रशासनले आग्रह गरेको छ ।

मेघगर्जन र चट्याङसहित वर्षा भइरहेका बेला पक्की घरभित्र बस्न तथा रुख, बिजुलीका पोल र खुला स्थानमा नबस्न पनि सूचनामार्फत अनुरोध गरिएको छ ।

बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला तथा बिरामीको सुरक्षामा विशेष ध्यान दिन प्रशासनले आग्रह गरेको छ ।

सम्भावित विपद्बाट सुरक्षित रहन नेपाल मौसम विज्ञान विभाग, संघीय तथा प्रदेश सरकार, स्थानीय तह र सुरक्षा निकायबाट जारी हुने आधिकारिक पूर्वसूचना तथा चेतावनी नियमित रूपमा लिन र सम्बन्धित निकायका निर्देशन पालना गर्नसमेत प्रशासनले अनुरोध गरेको छ ।



विपद्को जोखिममा परेका नागरिकलाई आवश्यक सहयोग तथा सूचना लिन वर्षा र बाढीसम्बन्धी जानकारीका लागि ११५५, विपद् सहायताका लागि १२३४, नेपाल प्रहरीका लागि १०० र सशस्त्र प्रहरी बलका लागि १११४ नम्बरमा सम्पर्क गर्न सकिने सूचनामा उल्लेख छ ।

# मटिहानी संस्कृत विद्यालयमा अमिरलाल मण्डलका १३ वर्ष : शिक्षण सेवा, समर्पण र अविस्मरणीय स्मृति

मो.इसराफिल राइन,महोत्तरी(मटिहानी)-




कुनै शैक्षिक संस्था केवल पठनपाठन गर्ने स्थल मात्र नभई व्यक्तिको जीवन, साधना र स्मृतिसँग जोडिएको महत्वपूर्ण धरोहर पनि बन्न सक्छ। महोत्तरीको मटिहानी संस्कृत माध्यमिक विद्यालय अमिर लाल मण्डल, एमए, बीएडका लागि यस्तै एउटा कर्मभूमि हो। उहाँले आफ्नो जीवनका महत्वपूर्ण १३ वर्ष उक्त विद्यालयमा शिक्षण सेवामा समर्पित गर्नुभयो। विद्यालयमा बिताएका दिन, विद्यार्थीहरूसँगको आत्मीयता, सहकर्मी शिक्षकको साथ र संस्थाको विकासमा पुर्‍याएको योगदान उहाँका लागि जीवनका अविस्मरणीय अध्याय बनेका छन्।

मण्डल सरले मटिहानी संस्कृत माध्यमिक विद्यालयसँग जोडिएका पुराना स्मृति सुनाउँदै शिक्षण सेवाको सुरुआतदेखि विद्यालयको शैक्षिक तथा भौतिक विकासमा आफूले निर्वाह गरेको भूमिकालाई स्मरण गर्नुभएको छ। उहाँका अनुभवले मटिहानीको शैक्षिक इतिहास, गुरुकुलीय परम्परा र शिक्षकको संस्थाप्रतिको समर्पणलाई उजागर गर्छन्।

## वि.सं. २०३२ सालमा शिक्षण सेवाको सुरुआत

मण्डलका अनुसार, वि.सं. २०३२ साउन १८ गते स्थायी नियुक्ति पाएपछि उहाँ पहिलोपटक मटिहानी संस्कृत विद्यालय पुग्नुभएको थियो। त्यसबेला विद्यालयको भौतिक अवस्था सामान्य थियो भने शैक्षिक गतिविधि सञ्चालनमा पनि विभिन्न चुनौती थिए। तर सीमित स्रोतसाधनका बीच सञ्चालन भइरहेको उक्त विद्यालय उहाँको जीवनको महत्वपूर्ण कर्मस्थल बन्न पुग्यो।

विद्यालय पुगेपछि तत्कालीन शिक्षक भोला मण्डलसँग भेट भएको र विद्यालय एक सातापछि मात्र खुल्ने जानकारी पाएको उहाँले स्मरण गर्नुभएको छ। घर टाढा हुनु र वर्षायाममा यातायात सहज नहुनुका कारण उहाँले मटिहानीमै बसेर सात दिन बिताउनुभयो। त्यस अवधिमा स्थानीय बजारको एउटा होटलमा दही-चिउरा खाएर समय बिताएको स्मृति आज पनि उहाँको मानसपटलमा ताजै छ।

विद्यालय सञ्चालनमा आएपछि अन्य शिक्षकसँग परिचय भयो। विद्यालयका सबैभन्दा कान्छा शिक्षकका रूपमा शिक्षण यात्रा सुरु गर्नुभएका मण्डलले तत्कालीन प्रधानगुरु बालमुकुन्द रेग्मीबाट प्राप्त स्नेह र अभिभावकीय व्यवहारलाई आफ्नो सेवायात्राको महत्वपूर्ण आधारका रूपमा लिनुभएको छ।

## अंग्रेजी शिक्षण र विद्यार्थीको भविष्य निर्माण

अंग्रेजी विषयमा विशेष दक्षता हासिल गर्नुभएका मण्डलले विद्यालयमा अंग्रेजी तथा व्यावसायिक शिक्षा अध्यापन गर्नुभयो। उहाँका अनुसार, त्यसबेला मटिहानी संस्कृत विद्यालयको शैक्षिक प्रभाव महोत्तरीमा मात्र सीमित थिएन। नेपालको पहाडी क्षेत्र, विशेषगरी ओखलढुङ्गालगायत जिल्लाका साथै भारतको बिहार र असमबाट समेत विद्यार्थी अध्ययनका लागि आउने गर्थे।

गुठी संस्थानबाट ५४ जना विद्यार्थीका लागि भोजन छात्रवृत्ति तथा आवासको सुविधा उपलब्ध हुनु आर्थिक रूपमा कमजोर विद्यार्थीका लागि महत्वपूर्ण अवसर थियो। उक्त सुविधाले विद्यार्थीलाई अध्ययनमा निरन्तरता दिन सहयोग पुर्‍याएको उहाँको भनाइ छ।

विद्यालयमा अध्ययन गरेका कतिपय विद्यार्थीले पछि उच्च शिक्षा हासिल गरी लोकसेवा आयोगमार्फत सरकारी सेवामा प्रवेश गरेको उहाँले स्मरण गर्नुभएको छ। तीमध्ये केही अधिकृत, उच्च प्रशासकीय पदाधिकारी तथा सचिवसम्म बनेको प्रसंग उल्लेख गर्दै उहाँले विद्यार्थीको सफलतालाई शिक्षकको सबैभन्दा ठूलो उपलब्धिका रूपमा लिनुभएको छ।

## गुरुकुलीय वातावरण र गुरु-शिष्यको सम्बन्ध

मण्डलले मटिहानीको तत्कालीन शैक्षिक वातावरणलाई अनुशासन, संस्कार र गुरु-शिष्यबीचको आत्मीयताले भरिएको गुरुकुलीय परम्पराका रूपमा स्मरण गर्नुभएको छ। विद्यालयमा विज्ञान विषयका शिक्षक वीरेन्द्रकुमार मिश्रसँगै बस्ने, आफैँ खाना पकाउने र छात्रावासको वातावरणमा जीवन बिताउने दिनहरू उहाँका लागि विशेष स्मरणीय छन्।

उहाँले दैनिक प्रार्थना, घण्टी र कक्षाको नियमिततालाई व्यवस्थित बनाउँदै शिक्षालाई पाठ्यपुस्तकमा सीमित नराखी अनुशासन, संस्कार र चरित्र निर्माणसँग जोड्ने प्रयास गर्नुभयो। विभिन्न समुदाय र भौगोलिक क्षेत्रबाट आएका विद्यार्थी एउटै शैक्षिक वातावरणमा अध्ययन गर्दा सामाजिक सद्भाव र समान अवसरको भावना विकास भएको उहाँको बुझाइ छ।

विद्यालयका पूर्वविद्यार्थी ध्रुव रायले एसएलसी परीक्षामा नेपाली विषयमा नेपालमै प्रथम स्थान हासिल गरेको उपलब्धिलाई पनि मण्डलले संस्थाको गौरवपूर्ण इतिहाससँग जोडेर स्मरण गर्नुभएको छ।

## कामु प्रधानाध्यापकको जिम्मेवारी

वि.सं. २०४३ देखि २०४५ सालसम्म मण्डलले मटिहानी संस्कृत विद्यालयमा कामु प्रधानाध्यापकको जिम्मेवारी निर्वाह गर्नुभयो। उक्त अवधिमा विद्यालय भवन निर्माण, पठनपाठनलाई नियमित बनाउने, विद्यार्थीमा अनुशासन कायम गर्ने तथा शिक्षकबीच समन्वय स्थापित गर्ने कार्य उहाँका प्रमुख जिम्मेवारी थिए।

सीमित स्रोतसाधनका बीच विद्यालयको शैक्षिक गुणस्तर र संस्थागत विकासलाई प्राथमिकतामा राखेर काम गरेको उहाँले बताउनुभएको छ। वि.सं. २०४८ सालमा श्रीराम माध्यमिक विद्यालयमा सरुवा भएपछि पनि मटिहानी संस्कृत विद्यालयसँगको उहाँको सम्बन्ध भने कायम रह्यो। विद्यालयको विकासमा पछि पनि योगदान गर्ने अवसर प्राप्त भएको उहाँको भनाइ छ।

## विद्यालयको नाममा ११ बिघा जग्गा ल्याउन पहल

मण्डलको स्मृतिमा विद्यालयको आर्थिक आधार सुदृढ गर्न गरिएको जग्गासम्बन्धी पहल पनि महत्वपूर्ण छ। उहाँका अनुसार, स्वर्गीय राम एकवाल सिंहको नेतृत्वमा विद्यालय अघि बढिरहेको समयमा रुपन्देही जिल्लाको भैरहवानजिक भैँसाखादर गाउँमा रहेको मटिहानी स्थानको करिब ६० बिघा जग्गामध्ये ११ बिघा विद्यालयको नाममा ल्याउने प्रक्रियामा उहाँ सक्रिय रूपमा सहभागी हुनुभएको थियो।

तत्कालीन मन्त्री सीताराम दासको पहलमा उक्त जग्गा विद्यालयलाई उपलब्ध गराउने प्रक्रिया अघि बढेको र मालपोत कार्यालय, भैरहवामा आवश्यक प्रक्रिया पूरा गरी विद्यालयको नाममा दर्ता गराउन सफल भएको उहाँले स्मरण गर्नुभएको छ।

उक्त जग्गाबाट विद्यालयले अहिले उल्लेखनीय आयस्रोत प्राप्त गरिरहेको जानकारी पाउँदा आफूलाई सन्तोष र गर्वको अनुभूति हुने उहाँको भनाइ छ। विद्यालयको दीर्घकालीन आर्थिक आधार निर्माणमा आफूले पनि भूमिका निर्वाह गर्न पाएको उहाँले आफ्नो सेवाजीवनको अर्थपूर्ण उपलब्धिका रूपमा लिनुभएको छ।

## पुरानो विद्यालय पुग्दा भावुक

केही समयअघि छोरा सुभासकुमार मण्डलसँगै मटिहानी पुग्ने अवसर प्राप्त भएपछि उहाँका पुराना स्मृति पुनः ताजा भए। अमेरिकामा कार्यरत छोरासँग विद्यालय पुग्दा वेदध्वनिसहित गरिएको स्वागतले आफूलाई भावुक बनाएको मण्डलले स्मरण गर्नुभएको छ।

विद्यालयको वर्तमान वातावरण देखेर छोराले शैक्षिक वातावरणको अनुभूति हुने प्रतिक्रिया दिएको प्रसंग उल्लेख गर्दै उहाँले विगत र वर्तमानबीचको परिवर्तनलाई स्मरण गर्नुभएको छ। कुनै समय सीमित भौतिक सुविधा र अनेक चुनौतीका बीच सञ्चालन भइरहेको विद्यालय आज व्यवस्थित शैक्षिक वातावरण र गुरुकुलीय परम्परासहित अघि बढिरहेको देख्दा आफूलाई गौरव लागेको उहाँको भनाइ छ।

## नयाँ पुस्ताका लागि प्रेरणाको केन्द्र

मण्डलले मटिहानी संस्कृत विद्यालयको वर्तमान

बाँकी पृष्ठ ३ मा

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जलेश्वर नगरपालिकामा करार सेवामा जागिर खुल्यो

**खबर दर्पण समाचारदाता**

**कार्तिक १० गते, बर्दिवास**

महोत्तरीको जलेश्वर नगरपालिकाले विभिन्न पदका लागि करार सेवामा कर्मचारी माग गरेको छ। नगरपालिकाले बुधबार एक सूचना प्रकाशित गर्दै योग्य उम्मेदवारबाट दरखास्त आह्वान गरेको हो।

गत असोज २३ गतेको निर्णयअनुसार नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका विभिन्न कार्यक्रमका लागि कर्मचारी लिन लागिएको हो।

नगरपालिकालाई सामि कार्यक्रमका लागि सहायक स्तर पाँचौं तह सरहको आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता एक जना चाहिएको छ। यसैगरी परिवार कल्याण कार्यक्रम अन्तर्गत बर्थिङ सेन्टरका लागि सहायक स्तर चौथो तह सरहको अ.न.मि. एक जना र एमईडीपीए कार्यक्रमका लागि सहायक चौथो स्तरको उद्यम विकास सहजकर्ता एक जना माग गरिएको छ। सूचनामा उल्लेख भएअनुसार छनोट हुने कर्मचारीको करार अवधि २०८४ साल असार मसान्तसम्म रहनेछ। पदअनुसार फरकफरक शैक्षिक योग्यता तोकिएको छ। परामर्शकर्ताको लागि न्यूनतम प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा तीन वर्षको अनुभव हुनुपर्छ। नगरपालिकाले सूचनामा ‘स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको,’ र ‘कानुन विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिइने’ स्पष्ट पारेको छ।

यसका साथै कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने क्षमता पनि हुनुपर्नेछ। अ.न.मि. पदका लागि मान्यता प्राप्त संस्थाबाट कोर्स उत्तीर्ण गरी एसबीए तालिम लिएको हुनुपर्छ।

उद्यम विकास सहजकर्ताका लागि सिटीईभीटीबाट उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा, प्राविधिक प्रवेशिका परीक्षा वा सीप परीक्षण तह दुई वा तीन उत्तीर्ण गरेको योग्यता तोकिएको छ।

दरखास्त दिन चाहने उम्मेदवारको उमेर १८ वर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। इच्छुक व्यक्तिले कात्तिक २७ गते कार्यालय समयभित्र जलेश्वर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयमा आवेदन बुझाउनुपर्नेछ। राजश्व शाखाबाट उपलब्ध दरखास्त फारम भरी राजश्व तिरेको रसिद सहित आवेदन पेस गर्नुपर्ने नियम छ।

आवेदनका साथमा नागरिकता, शैक्षिक योग्यता, चारित्रिक प्रमाणपत्र, अनुभव तथा तालिम खुल्ने कागजातको प्रतिलिपि र हालसालै खिचिएको दुई प्रति फोटो संलग्न गर्नुपर्छ। सहायक स्तर पाँचौं तहका लागि चार सय रुपैयाँ र चौथो तहका लागि तीन सय रुपैयाँ आवेदन दस्तुर लाग्नेछ। उम्मेदवारको छनोट सर्टलिस्ट, लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट हुनेछ।

# छठ नजिकिएसँगै.......



हुन्छ । सामग्री बनाउन धेरै समय लाग्छ, तर मेहनतअनुसारको मूल्य पाइँदैन,” उहाँले भन्नुभयो ।

मेहनत धेरै र आम्दानी कम हुने भएकाले नयाँ पुस्ता पुर्ख्यौली पेसाबाट टाढिँदै गएको उहाँको भनाइ छ । उहाँका छोराहरूले अझै यही पेसालाई निरन्तरता दिए पनि नातिहरू भने अन्य पेसातर्फ आकर्षित हुन थालेका छन् ।

समुदायभित्र प्रचलित क्षेत्रगत बिक्रीसम्बन्धी नियमले पनि व्यवसाय विस्तारमा समस्या भएको उहाँले बताउनुभयो । आफ्नो क्षेत्रबाहेक अन्यत्र गएर सामग्री बिक्री गर्न कठिन हुने भएकाले बजार विस्तारमा बाधा पुगेको उहाँको भनाइ छ । मल्लिक समुदायका महिलाले पनि क्षेत्रगत सीमाका कारण सामग्री बिक्री गर्न समस्या हुने गरेको बताएका छन् । नियमित आम्दानीको स्रोत नहुँदा चाडपर्वबाहेकका समयमा अन्य कामसमेत गर्नुपर्ने बाध्यता रहेको उनीहरूको भनाइ छ ।

दलित अभियन्ता प्रकाश मोचीका अनुसार यामअनुसार मात्र आम्दानी हुने भएकाले मल्लिक समुदायका सदस्य पुर्ख्यौली पेसाबाट विस्थापित हुने अवस्थामा पुगेका छन् ।

“समुदायको पेसालाई दिगो बनाउन सरकारले व्यावसायिक प्रवर्द्धन र आर्थिक सशक्तीकरणमा ध्यान दिन आवश्यक छ,” उहाँले भन्नुभयो ।

पुर्ख्यौली सीप र परम्परासँग जोडिएको बाँसका सामग्री बनाउने पेसाको संरक्षणका लागि बजार पहुँच विस्तार, उचित मूल्यको व्यवस्था, कच्चा पदार्थको सहज उपलब्धता र व्यावसायिक अवसर सिर्जना गर्नुपर्ने समुदायका अगुवाहरूको भनाइ छ। परम्परागत सीपको संरक्षणसँगै यस पेसामा आश्रित परिवारको जीविकोपार्जन सहज बनाउन स्थानीय, प्रदेश र सङ्घीय सरकारले आवश्यक सहयोग गर्नुपर्ने उनीहरूको माग छ ।

# मटिहानी संस्कृत विद्यालयमा..........

विकासलाई विगतमा रोपिएको बिरुवा विशाल वृक्षमा परिणत भएको अवस्थासँग तुलना गर्नुभएको छ। विद्यालयको उन्नतिमा पूर्वशिक्षक, अभिभावक, विद्यार्थी तथा शिक्षाप्रेमीहरूको योगदान रहेको उहाँको भनाइ छ।

आफ्ना प्रिय शिष्य ईश्वरीप्रसाद पौडेलको नेतृत्वमा विद्यालय अघि बढिरहेको देख्दा आफू आशावादी रहेको उहाँले उल्लेख गर्नुभएको छ। विद्यालयले ज्ञान, संस्कार, चरित्र र सेवाभावले सम्पन्न विद्यार्थी उत्पादन गर्दै स्थानीय समाजसँगको सम्बन्ध अझ प्रगाढ बनाउनुपर्ने उहाँको चाहना छ।

मण्डलका लागि मटिहानी केवल एउटा विद्यालय होइन, शिक्षकीय जीवनको साधनास्थल, युवावस्थाको कर्मभूमि र जीवनको उत्तरार्धमा सम्झनाको अमूल्य सम्पदा पनि हो। विद्यालयमा बिताएका १३ वर्षले उहाँको जीवनमा महत्वपूर्ण छाप छोडेका छन्। शिक्षकको योगदान कक्षाकोठामा पाठ पढाउनमा मात्र सीमित हुँदैन। विद्यार्थीको भविष्य निर्माण, शैक्षिक संस्थाको उन्नति र समाजमा असल संस्कारको विकासमा पनि शिक्षकको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ भन्ने सन्देश मण्डलको जीवनस्मृतिले दिएको छ।

मटिहानीको माटोमा आफूले गरेको श्रम र समर्पण आज संस्थाको विकासका रूपमा देख्न पाउँदा उहाँ सन्तुष्ट हुनुहुन्छ। गुरुकुलीय परम्परालाई निरन्तरता दिँदै विद्यालयले आगामी पुस्तालाई गुणस्तरीय शिक्षा, नैतिक मूल्य र सेवाभाव प्रदान गर्न सकोस् भन्ने उहाँको कामना छ।

# साउदीमा ड्रोन आक्रमणमा महोत्तरी पिपराका .....

थियो । परिवारका अनुसार उहाँको श्रम स्वीकृतिको म्याद एक वर्षअघि नै समाप्त भइसकेको थियो ।

श्रम स्वीकृतिको म्याद समाप्त भएकाले भरतको परिवारले वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोष तथा जीवन म्यादी बिमाबापत पाउने आर्थिक सहायता प्राप्त गर्न समस्या हुन सक्ने देखिएको छ। वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकका परिवारले निर्धारित सर्त पूरा भएमा कल्याणकारी कोषबाट १० लाख र बिमाबापत १५ लाख रुपियाँ पाउने व्यवस्था रहेको जनाइएको छ ।

भरतका दाजु रामजस महतोले भाइको मृत्यु भएपछि सरकारी निकायबाट अपेक्षित सहयोग र सान्त्वना नपाएको गुनासो गर्नुभयो ।

“कुनै पनि निकायले अहिलेसम्म यसो गरौं भनेर पहल गरेका छैनन् । यसले हामीलाई झन् मर्माहत बनाएको छ,” उहाँले भन्नुभयो ।

इन्द्रिकाले पतिको शव जतिसक्दो चाँडो नेपाल ल्याउने व्यवस्था मिलाउन र परिवारलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग आग्रह गर्नुभएको छ ।

### शव नेपाल ल्याउन सरकारी पहल

पतिको शव नेपाल ल्याउन पहल गरिदिन माग गर्दै इन्द्रिका आफन्तको साथमा सोमबार जिल्ला प्रशासन कार्यालय, महोत्तरी पुगेकी थिइन् । उहाँले प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसमक्ष निवेदन दिनुभएको थियो ।

प्रमुख जिल्ला अधिकारी यादवका अनुसार पीडित परिवारको निवेदनसहितको पत्र आवश्यक पहलका लागि गृह मन्त्रालयमा पठाइएको छ । गृह मन्त्रालयबाट परराष्ट्र मन्त्रालयमार्फत शव नेपाल ल्याउने प्रक्रिया अघि बढ्ने उहाँले बताउनुभयो ।

कन्सुलर विभागले उक्त निवेदन रियादस्थित नेपाली राजदूतावासमा पठाइसकेको जनाएको छ। राजदूतावासले भरतको मृत्यु प्रमाणपत्र प्राप्त भइसकेको जानकारी दिएको छ ।

परराष्ट्रमन्त्री शिशिर खनालले साउदी अरबमा भएको ड्रोन आक्रमणमा नेपाली श्रमिकको मृत्यु भएको घटनाले आफू स्तब्ध भएको बताउँदै शव नेपाल ल्याउन पहल भइरहेको जानकारी दिनुभएको छ ।

उहाँले भरतको शव जतिसक्दो चाँडो नेपाल ल्याउन साउदी सरकारसँग समेत समन्वय भइरहेको बताउनुभयो ।

### साउदीमा रहेका नेपालीलाई सतर्क रहन आग्रह

साउदी अरबमा क्षेप्यास्त्र तथा ड्रोन आक्रमणका घटना बढ्दै गएपछि त्यहाँ कार्यरत नेपाली श्रमिकको सुरक्षाबारे चिन्ता बढेको छ । यमनका हुथी विद्रोही समूह र साउदी अरबबीचको द्वन्द्वका क्रममा तेल परियोजना, विमानस्थल तथा अन्य महत्त्वपूर्ण पूर्वाधारलाई लक्षित गरी आक्रमण भइरहेका छन् ।

साउदी अरबको दमाम क्षेत्रमा दुई दशकदेखि कार्यरत धनुषाका रितेश मण्डलले पछिल्ला घटनाले नेपाली श्रमिकमा त्रास बढाएको बताउनुभयो ।

“साउदीमा यस्तो अशान्ति हुन्छ भन्ने हामीले कहिल्यै कल्पना गरेका थिएनौं । कतिखेर कहाँ आक्रमण हुन्छ भन्ने नै थाहा छैन । मोबाइलमा सतर्क रहनू भन्ने सन्देश आउँदा डर लाग्छ,” उहाँले भन्नुभयो ।

साउदी अरबमा क्षेप्यास्त्र तथा ड्रोन आक्रमणको जोखिम बढिरहेका बेला रियादस्थित नेपाली राजदूतावासले त्यहाँ रहेका नेपालीलाई उच्च सतर्कता अपनाउन र स्थानीय सुरक्षा निकायका निर्देशन पालना गर्न आग्रह गरेको छ ।

राजदूतावासले सोमबार जारी गरेको सूचनामा सुरक्षा सतर्कतासम्बन्धी चेतावनी जारी भएका बेला बाहिर ननिस्कन, साउदीका आधिकारिक निकायबाट जारी हुने सूचनालाई नियमित रूपमा हेर्न र सुरक्षा निर्देशनको पूर्ण पालना गर्न अनुरोध गरेको छ ।

त्यस्तै, आधिकारिक निकायबाट पुष्टि नभएका समाचार, सूचना, तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा पोस्ट वा सेयर नगर्न दूतावासले आग्रह गरेको छ । साउदी अरबबाट नेपाल वा अन्य देशमा हवाई यात्रा गर्नुअघि सम्बन्धित वायुसेवा कम्पनी वा आधिकारिक स्रोतबाट उडान तालिका यकिन गरेर मात्र विमानस्थल जान पनि अनुरोध गरिएको छ ।

आवश्यक सहयोग परेमा रियादस्थित नेपाली राजदूतावास वा जेद्दास्थित नेपाली महावाणिज्य दूतावासमा सम्पर्क गर्न सकिने सूचनामा उल्लेख छ ।

साउदी अरबमा करिब चार लाख नेपाली कार्यरत रहेको अनुमान छ। पछिल्ला आक्रमणका घटनाले त्यहाँ कार्यरत नेपाली श्रमिकको सुरक्षा, आवागमन र जीविकोपार्जनमा थप चुनौती सिर्जना गरेको छ ।

# छठ नजिकिएसँगै बाँसका सामग्री बनाउन डोम समुदायलाई भ्याइनभ्याइ

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**कार्तिक १० गते, महोत्तरी**

छठ पर्व नजिकिएसँगै महोत्तरीका मल्लिक (डोम) समुदायका परिवारलाई बाँसका सामग्री बनाउन भ्याइनभ्याइ भएको छ । छठमा सूर्यदेव र छठी मातालाई अर्घ्य दिन प्रयोग गरिने डालो, नाङ्लो, सुपली,कोनिया र दुनाटपर ीलगायत सामग्रीको माग बढेपछि उनीहरू उत्पादनमा व्यस्त भएका हुन् ।

यस वर्ष कात्तिक २९ गते मनाइने छठ पर्वका लागि जिल्लाका विभिन्न गाउँमा रहेका मल्लिक समुदायका परिवार बिहानदेखि बेलुकासम्म बाँसका चोया चिर्ने र सामग्री बुन्ने काममा जुटेका छन् । छठमा बाँसका सामग्री प्रयोग गर्ने परम्परा रहेकाले पर्व नजिकिँदै जाँदा बजारमा यस्ता सामग्रीको माग बढ्ने गरेको छ ।

औरही नगरपालिका-१ औरहीका ५० वर्षीय ईन्दल मलिकले असोज महिनादेखि नै छठका सामग्री बनाउन सुरु गरेको बताउनुभयो । उहाँका अनुसार पर्वका बेला माग बढ्ने भएकाले परिवारका सबै सदस्य उत्पादनमा जुट्ने गरेका छन् । "छठ हाम्रो जीवनका दुःख-सुख बिर्सेर मिठोमसिनो खाने र राम्रो लगाउने पर्व हो । यस समयमा बाँसका सामग्रीको माग बढ्ने भएकाले परिवारका सबै सदस्य उत्पादनमा जुटेका छौं," उहाँले भन्नुभयो ।

स्थानीय जिना मलिक र गौशाला नगरपालिका-५ गौशालाकी ६० वर्षीया सबिता मलिक पनि छठका सामग्री बनाउन व्यस्त हुनुहुन्छ । उहाँहरूका अनुसार छठका बेला सुपली, डालो र नाङ्लोलगायत सामग्रीको बिक्री बढ्छ। छठका अतिरिक्त विवाहमा आवश्यक पर्ने सामग्री बनाएर अन्य समयमा गाउँगाउँमा बिक्री गर्ने गरिएको छ ।

सबिता मलिकले कात्तिक लागेसँगै बिहानदेखि बेलुकासम्म सामग्री बनाउनुपर्ने अवस्था र हेको बताउनुभयो । छठका बेला केही आम्दानी भए पनि अन्य समयमा नियमित कारोबार नहुँदा परिवारको खर्च धान्न कठिन हुने उहाँको भनाइ छ । श्रीमान् अपाङ्गताका कारण काम गर्न नसक्ने भएपछि परिवारको जिम्मेवारीसमेत आफूले नै सम्हाल्नुपरेको उहाँले बताउनुभयो ।

"बाँसका सामग्रीको कारोबार सिजनमा मात्र हुन्छ । अन्य समयमा छाक टार्नसमेत समस्या हुने भएकाले अरू काम गरेर परिवार पाल्नुपर्ने बाध्यता छ," उहाँले भन्नुभयो ।



छठ पर्व मनाउने परिवारलाई अर्घ्य दिन पाँचदेखि सात वटासम्म बाँसका सामग्री आवश्यक पर्ने बताइन्छ । पर्व मनाउने परिवारको सङ्ख्या बढ्दै जाँदा यस्ता सामग्रीको माग पनि बढ्ने गरेको छ । जिल्लाका विभिन्न गाउँमा मल्लिक समुदायका परिवारका सदस्य सामूहिक रूपमा सामग्री उत्पादनमा लागेका छन् ।

औरही नगरपालिका-६ बैरियाका राजेन्द्र मलिकले बाँसका सामग्री बिक्रीबाटै वर्षभरको खर्च जुटाउने गरेको बताउनुभयो ।

सम्सी गाउँपालिकाका राजेश मलिकका अनुसार परिवारका बालबालिकादेखि वृद्धवृद्धासम्म यस पेसामा संलग्न छन् । चाडपर्वका बेला सामग्री बिक्री गरेर प्रतिव्यक्ति ४० देखि ५० हजार रुपियाँसम्म र परिवारका सबै सदस्य मिलेर दुईदेखि तीन लाख रुपियाँसम्म आम्दानी हुने गरेको उहाँले बताउनुभयो ।

## पुर्ख्यौली पेसा सङ्कटमा

चाडपर्वका बेला बाँसका सामग्रीको बिक्री बढे पनि मल्लिक समुदायको पुर्ख्यौली पेसा भने सङ्कटमा पर्दै गएको छ । विवाह तथा चाडपर्वमा प्रयोग हुने कोनिया, नाङ्लो, ढक्की र चँगेरीलगायत सामग्री बनाएर जीविकोपार्जन गर्दै आएका यस समुदायका परिवारलाई अन्य समयमा नियमित आम्दानी नहुँदा घरखर्च चलाउन कठिन हुने गरेको छ ।

ईन्दल मलिकका अनुसार एउटा बाँस किन्न दुई सयदेखि तीन सय रुपियाँसम्म खर्च लाग्छ । सामग्री बनाउन दिनभरि मेहनत गर्नुपर्ने भए पनि बिक्रीबाट हुने आम्दानी निश्चित हुँदैन । कुनै दिन एक हजार रुपियाँसम्मको कारोबार हुने गरे पनि कच्चा पदार्थको खर्च कटाउँदा बचत सीमित हुने उहाँले बताउनुभयो ।

"विवाह र चाडपर्वका बेला ठिकै आम्दानी हुन्छ । अन्य समयमा दुई छाक टार्नसमेत समस्या

*बाँकी पृष्ठ ३ मा*

# गुठीको जग्गामा अनधिकृत संरचना निर्माण, अतिक्रमण तथा रुख कटान नगर्न चेतावनी

**खबर दर्पण समाचारदाता**
**कार्तिक १० गते, बर्दिवास**

गुठी संस्थान शाखा कार्यालय महोत्तरीले गुठी मातहतका जग्गामा अनधिकृत संरचना निर्माण, अतिक्रमण तथा रुख कटान नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

कार्यालयले एक सूचना जारी गर्दै गुठी जग्गामा अनुमति नलिई निर्माण कार्य गर्ने, जग्गा अनधिकृत रूपमा भोगचलन गर्ने तथा त्यहाँ रहेका बोटबिरुवा र रुख काट्ने कार्य गैरकानुनी हुने स्पष्ट पारेको हो ।

गुठी संस्थानको स्वामित्व तथा रेखदेखमा रहेका जग्गाहरू धार्मिक, सांस्कृतिक र सार्वजनिक महत्वका सम्पत्ति भएको उल्लेख गर्दै कार्यालयले पछिल्लो समय केही व्यक्ति तथा समूहबाट त्यस्ता जग्गामा अनधिकृत गतिविधि भइरहेको जानकारी प्राप्त भएको जनाएको छ ।

कार्यालयका अनुसार लिखित अनुमति र आवश्यक कानुनी प्रक्रिया पूरा नगरी गुठी जग्गामा कुनै पनि प्रकारको संरचना निर्माण गर्न, जग्गा अतिक्रमण गर्न वा अन्य अनधिकृत गतिविधि गर्न पाइने छैन ।

त्यस्तै, गुठी जग्गाभित्र रहेका साना-ठूला रुख, बुट्यान तथा अन्य वनस्पति पनि सम्बन्धित निकायको पूर्वस्वीकृतिबिना काट्न, उखेल्न वा नष्ट गर्न निषेध गरिएको छ ।

सूचनाको उल्लंघन गरी गुठी जग्गामा अतिक्रमण गर्ने, अनधिकृत संरचना निर्माण गर्ने वा रुख कटान गर्ने व्यक्तिमाथि प्रचलित गुठीसम्बन्धी कानुन तथा स्थानीय प्रशासन ऐनबमोजिम कानुनी कारबाही गरिने कार्यालयले चेतावनी दिएको छ ।

त्यस्ता कार्यबाट भएको हानिनोक्सानीसमेत सम्बन्धित व्यक्ति वा पक्षबाट असुलउपर गरिने सूचनामा उल्लेख छ ।

गुठी जग्गा तथा सम्पत्तिको संरक्षण गर्नु सबैको साझा दायित्व भएको जनाउँदै कार्यालयले यस्ता गैरकानुनी गतिविधि भएको देखेमा तत्काल गुठी संस्थानको शाखा कार्यालय वा नजिकैको प्रहरी चौकीमा जानकारी गराउन सर्वसाधारण सँग अनुरोध गरेको छ ।

कार्यालयले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र गुठी सम्पत्तिको उचित व्यवस्थापनका लागि सबै पक्षलाई सहयोग गर्न आग्रह गरेको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७६।०१।२५ मा दर्ता भएको प्रा.लि.नं.२१४६८७ भएको लक्की पोल्ट्री एण्ड फार्मिङ्ग (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०७।०१ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,